लिखु तामाकोशी गाउँपालिका
Likhu Tamakoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
धोबी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.सं. (Ref. No.):- ०८३/०८४

च.नं. (Dispatch No.):- ३२४

मिति (Date):- २०८३/०६/०७

श्री: वडा कार्यालय (१-७) सबै,
लिखु तामाकोशी गाउँपालिका,रामेछाप।

**बिषय: उच्च सतर्कता अपनाउने सम्बन्धमा।**

प्रस्तुत सम्बन्धमा जिल्ला प्रशासन कार्यालय,रामेछापको प.सं. २०८३/०८४ च.नं. ६६५ मिति २०८३/०६/०६ गतेको प्राप्त पत्रानुसार राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,सिंहदरबार काठमाण्डौंबाट मिति २०८३/०६/०५ मा जारी सतर्कताका लागि अनुरोधको सूचना बमोजिम आगामी असोज ९ गते देखि ११ गतेसम्म बागमती प्रदेश समेतका केहि स्थानहरुमा मेघगर्जन/चट्याङ/ हावाहुरीसहित धेरै भारी बर्षाको सम्भावना रहेकोले सम्भावित जोखिमलाई मध्यनजर गरी आवश्यक पूर्व तयारी र सतर्कताका लागि अनुरोध भएको हुँदा जिल्ला प्रशासन कार्यालय र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,सिंहदरबार काठमाण्डौंबाट जारी सूचनालाई आधारमानी तहाँ वडा कार्यालयले समेत आवश्यक पूर्व तयारी र उच्च सतर्कता अपनाउन हुन अनुरोध छ।

०८३।६।६
प्रकाशराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री जिल्ला प्रशासन कार्यालय, रामेछाप।

०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल: daoramechhap@moha.gov.np
daoramechhap@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मन्थली, रामेछाप

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

पत्र संख्याः- ०८३/८४
चलानी नं.:-

## उच्च सतर्कता, आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(मिति :२०८३/०६/०६)

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंबाट मिति २०८३/०६/०५ मा जारी **"सतर्कताका लागि अनुरोध"** को सूचना बमोजिम आगामी असोज ९ गतेदेखि ११ गतेसम्म बाममती प्रदेशलगायत देशका अधिकांश स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारी देखि धेरै भारी बर्षाको सम्भावना रहेकोले सम्भावित जोखिमलाई मध्यनजर गरी आवश्यक पूर्व तयारी र सतर्कताका लागि अनुरोध भएको हुँदा जिल्लाको नदी तथा खोलाको तटीयक्षेत्र तथा पहिरोको जोखिम क्षेत्रहरुमा बसोवास गर्ने लगायतका आम नागरिकहरुले उच्च सर्तकता अपनाउनु हुन अनुरोध गरिन्छ। साथै, स्थानीय तह, सुरक्षा निकाय, विषयगत निकाय/कार्यालय, राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम, विभिन्न संघसंस्थाहरु लगायतका सरोकारवाला व्यक्ति तथा निकायहरुले आवश्यक पूर्वतयारी, उच्च सतर्कताका लागि आ-आफ्नो क्षेत्रबाट सूचना प्रवाह लगायतका कार्यहरुमा आवश्यक सहयोग,समन्वय तथा सहजीकरण गरिदिनु हुन हार्दिक अनुरोध गरिएको छ।

२०८३।६।६.

.....................
राम बहादुर के.सी.
निमित्त प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या :
चलानी नं.:


सिंहदरबार, काठमाडौं
नेपाल ।

## सतर्कताका लागि अनुरोध

नेपाल मौसम विज्ञान विभागद्वारा आज मिति २०८३ असोज ५ गते, सोमबार दिउसो जारी विशेष मौसमी बुलेटिनअनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन/ चट्याङ/ हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना छ।

त्यसैगरी, कोशी, मधेश, बागमती र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा पनि मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ। यस अवधिमा देशका अधिकांश स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्म वर्षाको सम्भावना छ।

विभागका अनुसार उत्तर अन्डमान सागर र आसपासको क्षेत्रमा बिकसित न्यून चापीय क्षेत्र (Low Pressure area) हाल बङ्गालको खाडीको मध्य भू-भाग आसपासमा रहेको छ र उक्त प्रणाली थप शक्तिशाली बन्दै Deep Depression (बलियो न्यून चापीय क्षेत्र) भई पश्चिम-उत्तरपश्चिम दिशातिर सर्ने देखिन्छ र यसको प्रभावले बुधबार देखि नै कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानहरुमा मध्यम सम्मको वर्षाको सम्भावना समेत रहेको छ ।



भारीदेखि धेरै भारी वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव आउने तथा शहरी तथा तराई क्षेत्रमा डुबानको जोखिम हुने भएकाले आवश्यक सतर्कता अपनाउन र पूर्वतयारीका लागि निम्न कार्य गर्न/गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ।

- उक्त अवधिमा अत्यन्त जरुरी नभई टाढा र रातिको समयमा यात्रा नगर्ने।
- सम्बन्धित संघीय मन्त्रालय तथा निकाय, प्रदेश सरकार, स्थानीय तह, तीनवटै सुरक्षा निकाय, स्वयंसेवकलगायत सरोकारवाला सबै निकायले आम सर्वसाधारणलाई सुसूचित गर्ने र प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- जोखिम भएका राजमार्ग र सडकहरुमा डोजर, एक्साभेटर, लोडर लगायतका साधन तयारी अवस्थामा राख्ने।
- जिल्ला सुरक्षा समिति, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवकले पूर्वसूचना/चेतावनी अनुसार जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति, घरपरिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने।
- आकस्मिक बाढी आउनसक्ने खोला, खहरेका नजिकका बस्ती, पहिरोको जोखिमयुक्त स्थान र खोला/नदी किनारका बस्तीका बासिन्दाहरु बढी चनाखो हुने।
- वर्षा र बाढीबारे जानकारी लिन ११५५ मा सम्पर्क गर्ने। साथै, विपद्मा मद्दत माग्न १२३४, नेपाल प्रहरीको हटलाइन १०० र सशस्त्र प्रहरी बल, नेपालको हटलाइन नम्बर १११४ मा सम्पर्क गर्ने।
- नेपाल मौसम विज्ञान विभाग र प्राधिकरणबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/चेतावनी सम्बन्धी जानकारी लिइरहनु हुन अनुरोध छ।

*मिति- २०८३ असोज ५ गते, सोमबार*

०६।०५

(शान्ति महत)

उपसचिव/प्रवक्ता